सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

# सानीभेरी राजपत्र

खण्ड: ७ संख्या :०५ मिति: २०८०/११/०१

# भाग-१

# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

## सानीभेरी गाउँपालिका अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण प्रबर्धन र कार्यान्वयन ऐन २०८०

**प्रस्तावनाः**नेपालको संविधान,समावेशी सिद्दान्त, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धि , २०७४ तथा संयुक्त राष्ट्र संघीय अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि –२००६ ( Convention on the Rights of Persons with Disabilities 2006,CRPD) तथा अन्य प्रचलित कानूनहरू, कार्यान्वयन सम्बन्धमा सर्वोच्च अदालतद्वारा प्रतिपादित सिद्धान्त, लगायतका विभिन्न उद्देश्य, मर्म र भावना बमोजिम अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रचलन, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा, सशक्तिकरण, अर्थपुर्ण सहभागिता, सम्मानजनक जिवन यापन लगायतको अधिकारहरुको स्थानिय तहमा कार्यान्वयन गराउन वान्छनिय भएकोले स्थानिय सरकार सञ्चालन , २०७४ को दफा ११ (त) समेतलाई मध्यनजर गर्दै अपाङ्गता भएका ब्यक्तिको अधिकार संरक्षण, प्रवर्दन र कार्यान्वयन गराउन सोहि को (स्थानिय सरकार संचालन २०७४) दफा १०२ को उपदफा (१) बमोजिम गाउँसभाबाट यो ऐन तयार पारिएको छ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस को नाम “सानीभेरी गाउँपालिका अपाङ्गता भएका व्यक्तिहरुको अधिकार संरक्षण प्रबर्दन र कार्यान्वयन ऐन" २०८० रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मा;

(क) "अपाङ्गता भएका असहाय व्यक्ति " भन्नाले आफ्नो सम्पत्ति नभएका, स्याहार सुसार गर्ने परिवारका सदस्य वा संरक्षक नभएका वा आफै रोजगार गरी जीवनयापन गर्न नसक्ने अपाङ्गता भएका व्यक्ति सम्झनु पर्छ।

(ख)" अपाङ्गता भएका व्यक्ति " भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा ईन्द्रीयसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले समाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ।

(ग) "तोकिएको " वा " तोकिए बमोजिम" भन्नाले यस अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "परिवार " भन्नाले अपाङ्गता भएका व्यक्तिका बाजे, बजै, बाबु, आमा, छोरा, छोरी, दाजु, भाई, दिदि, बहिनी वा पति पत्नी सम्झनु पर्छ र सो शब्दले एकाघर संगोलमा बस्ने निजका अन्य नातेदारलाई समेत जनाउँछ।

(ङ)"पहुँचयुक्त" भन्नाले अपाङ्गता भएका व्यक्तिलाई स्वनिर्भर्तापूर्वक जीवन यापन गर्न तथा जीवनका हरेक पक्षमा पूर्णरुपले सहभागी हुन सक्ने गरी सक्षम बनाउन मानव निर्मित भौतिक संरचना, यातायातका साधन, सूचना र सञ्चारका उपकरण तथा प्रविधि सर्वसाधरणलाई खुल्ला गरिएका सेवा तथा सुविधा विना अवरोध समान रुपमा उपयोग गर्न सक्ने अवस्था सम्झनु पर्छ।

(च) " पुनर्स्थापना केन्द्र " भन्नाले दफा १६ बमोजिमको पुनर्स्थापना केन्द्र सम्झनु पर्छ।

(छ)" भाषा "भन्नाले बोली वा साङ्केतिक भाषा तथा अन्य प्रकारका ध्वनी रहित भाषा सम्झनु पर्छ।

(ज)" अध्यक्ष” भन्नाले सानीभेरी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ

(झ)"संञ्चार " भन्नाले भाषा, पाठको प्रस्तुति, ब्रेल, स्पर्श सञ्चार, ठूलो छापा, पहुँचयुक्त बहुमाध्यम, पहुँचयुक्त सूचना र सञ्चार प्रविधि लगायत लेख्य, श्रव्य, सामान्य भाषा, मानव वाचन तथा सञ्चारका प्रबर्द्धनात्मक र वैकल्पिक तरिका, साधन र ढाँचा सम्झनु पर्छ।

(ञ) "अपाङ्गता अधिकार प्रवर्द्धन समिति " भन्नाले अपाङ्गता भएको व्यक्तिको हक, हितको संरक्षण गर्न गठित यस को दफा बमोजिमको समिति सम्झनु पर्छ।

(ट) “प्रवर्द्धन कोष”भन्नाले यस को दफा २९ बमोजिमको कोषलाई सम्झनु पर्छ।

(ठ) “स्वाबलम्बी संस्था” भन्नाले अपाङ्गता भएका व्यक्तिहरु द्वारा खोलिएको संस्थालाई सम्झनु पर्छ।

(ड) “संजाल”भन्नाले गाउँपालिका भित्रका वडाहरुमा अपाङ्गताको प्रकृती बमोजिम गठित वडा समुह र उनीहरुको प्रतिनिधिमुलक गाउँपालिका तहको छाता संगठन लाई जनाउँदछ।

(ढ) “अपाङगता प्रबर्धन ईकाइ” भन्नाले गाउँपालिकाले प्रवाहा गर्ने सबै सेवाहरुमा अपाङ्गता भएका ब्यक्तिलाई सरल सेवा प्रवाहको लागी अपाङ्गताको प्राबिधिक सेवा सहितको ईकाईलाई जनाउदछ।

(ण) “भौतिक पुनर्स्थापना सेवा” भन्नाले अपाङ्गता भएका ब्यक्तिहरुको लागी प्रदान गरिने सहायक सामाग्री, कृतिम अंगहरु, फिजियोथेरापी सेवा लगायत गमनशिलता तालिम समेतलाई जनाउनेछ।

(त) “” भन्नाले स्थानीय सरकार सञ्चालन  २०७४ लाई सम्झनु पर्छ ।

(थ) “गाउँपालिका” भन्नाले सानीभेरी गाउँपालिका सम्झनु पर्छ ।

(द) “गाउँसभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभा सम्झनु  पर्छ।

(ध) “कार्यपालिका” भन्नाले सानीभेरी गाउँकार्यपालिका सम्झनु पर्छ ।

(न) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सानीभेरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

## परिच्छेद – २

## अपाङ्गताको वर्गीकरण, परिचयपत्र तथा अभिलेख

**३. अपाङ्गताको बर्गिकरणः**(१) अपाङ्गताको वर्गीकरण अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी २०७४ मा उल्लेख भए बमोजिम हुनेछ।

(१) परिचय पत्र सम्बन्धी व्यवस्था  अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी  २०७४, नियमावली २०७७ र अन्य कानूनमा व्यवस्था भए अनुसारको प्रकृया अवलम्बन गरी यस  बमोजिम अपाङ्गताको गम्भिरताको आधारमा देहायमा व्यवस्था भए बमोजिम अपाङ्गता परिचय पत्र वितरण तथा व्यवस्थापन गरिनेछ।

(२) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी को अनुसुचीमा प्रकृतीका आधारमा अपाङ्गतालाई दश (शारीरिक अपाङ्गता, दृष्टिसम्बन्धी (दृष्टिविहिनता, न्यूनदृष्टियुक्त, पूर्णदृष्टिविहिन), सुनाई सम्बन्धी ( बहिरा र सुस्तश्रवण), श्रवण दृष्टिविहिन, स्वरबोलाई सम्बन्धि, मानसिक वा मनोसामाजिक अस्वस्थता, बौध्दिक अपाङ्गता, अनुवंशिय रक्तश्रव तथा हेमोफिलिया सम्बन्धि अपाङ्गता, अटिजम सम्बन्धि अपाङ्गता र बहुअपाङ्गता ) प्रकारमा वर्गीकरण गरिएको र सोही को अनुसुचीमा उल्लेखित गाम्भीर्यताका आधारमा गरिएको अपाङ्गताको वर्गीकरणका आधारमा यो  बमोजिम देहायका चार समुहमा परिचय–पत्र वितरण गरिनेछ।

(३) अपाङ्गता भएका ब्यक्तिलाई आफ्नै साथमा राखी परिचयपत्रको प्रयोग गर्न र परिचयपत्रको दुरुपयोगलाई निरुत्साहित गर्न डिजिटल प्रविधिबाट परिचयपत्र प्रदान गरिनेछ।

**(क) पुर्ण अशक्त अपाङ्गताः** देहायमा उल्लेखित अवस्थाका व्यक्तिहरुलाई पुर्ण अशक्त अपाङ्गता :  ‘क’ वर्गको परिचयपत्र उपलब्ध गराइनेछ जुन रातो रंगको पृष्ठभूमिमा जारी गरिनेछ।

१. व्यक्तिको शारीरीक, मानसिक वा इन्द्रिय सम्बन्धी प्रणालीहरुमा भएको क्षति र यसले ल्याएको कार्यगत विचलनको अवस्था असाध्य गम्भीर भई अरुको सहयोग लिएर पनि दैनिक जीवन सम्पादन गर्न असाध्यै कठिन हुने व्यक्ति,

२. सामान्य भन्दा सामान्य दैनिक क्रियाकलापहरु पनि स्वयं गर्न नसक्ने र अन्य व्यक्तिको सहयोग आवश्यक पर्ने, तीव्र बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु, तीव्र रुपमा अटिज्म प्रभावित व्यक्ति, पुर्ण रुपमा श्रवण दृष्टि विहिन व्यक्तिहरु,

३. दुई वा सोभन्दा बढि प्रकृतिका शारिरिक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति भई सबैजसो दैनिक क्रियाकलापहरु अन्य व्यक्तिकै सहयोगमा गर्नुपर्ने अवस्थाका व्यक्तिहरु,

४.निरन्तर रुपमा सघन हेरचाह (स्याहार सुसार) को आवश्यक परिरहने शारिरिक अपाङ्गता भएका व्यक्ति वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु।

**(ख) अति अशक्त अपाङ्गता:** देहायमा उल्लेखित अवस्थाका व्यक्तिहरुलाई अति अशक्त अपाङ्गता : 'ख' वर्गको परिचयपत्र उपलब्ध गराइनेछ जुन निलो पृष्ठभुमिमा जारी गरिनेछ।

१. शारीरीक, मानसिक वा इन्द्रिय सम्बन्धी क्षति वा विचलन भएपनि निरन्तर वा अधिकांश समय सहयोगी, दोभाषे वा मानव पथप्रदर्शक आदीको सहयोगमा आफ्नो दैनिक क्रियाकलापहरु लगायत हिडडुल र संचार गर्न कठिनाइ हुने व्यक्तिहरु,

२. मष्तिस्क पक्षघात मेरुदण्डमा चोटपटक वा पक्षघात, हेमोफेलिया, मांशपेशी सम्बन्धी समस्या वा विचलन लगायत अन्य विभिन्न कारणले शरिरको ढाड, हात, गोडा, कम्मर आदीले काम गर्न नसकी दैनिक आवागमनको लागि ह्विलचियर प्रयोग गर्नुपर्ने अवस्थामा व्यक्तिहरु,

३. दुबै हात कुमदेखि वा पाखुरादेखि मुनी पुरै नचल्ने वा गुमाएका, विभिन्न कारणले दुवै हात र गोडा गुमाएका वा नचल्ने, कम्मरभन्दा मुनिको भाग गुमाएका वा नचल्ने, दुबै गोडा पुर्ण क्रियाशील नभई बैशाखीको प्रयोग गर्ने व्यक्तिहरू

४. दृष्टिविहिनर पुर्ण दृष्टिविहिनको परिभाषा अन्तर्गत पर्ने व्यक्तिहरु,

५. संचारको लागि निरन्तर दोभाषे आवश्यक पर्ने पुर्ण रुपमा कान सुन्न नसक्ने (बहिरा) दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न नसक्ने ,सिकाइमा समस्या भएका बौद्धिक अपाङ्गता वा अटिजम भएका व्यक्तिहरु, निरन्तर अरुको सहयोग लिइरहनुपर्ने बहुअपाङ्गता भएका व्यक्तिहरु।

**(ग) मध्यम अपाङ्गता:** देहायमा उल्लेखित अवस्थाका व्यक्तिहरुलाई मध्यम अपाङ्गता : 'ग' वर्गको परिचयपत्र उपलब्ध गराइनेछ जुन पहेँलो पृष्ठभुमिमा जारी गरिनेछ।

१. कृत्रिम अङ्ग क्यालीपर, विशेष प्रकारका जुत्ता जस्ता सहायक, सामाग्रीको प्रयोग नगरी पनि सामान्य हिडडुल लगायत दैनिक जीवनका क्रियाकलापहरु स्वयं गर्न सक्ने,

२. विभिन्न कारणले घुँडामुनिको अङ्गमा मात्र प्रभाव परेको तर सहायक सामाग्रीहरु प्रयोग नगरी पनि सामान्य हिँडपुल गर्नसक्ने,

३. कुम वा पाखुरा भन्दा मुनी एक हात गुमाएका वा हात नचल्ने वा हातले गर्ने काम गर्न नसक्ने

४. दुवै हातको हत्केलाभन्दा मुनिका कम्तीमा बुढी औँला र चोरी औँला गुमाएका,

५. दुवै गोडाको कुर्कुचाभन्दा मुनिको भाग नभएका तर सामान्य हिडडुल गर्न सक्ने,

६. मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको,

७. सिकाइमा ढिलाइ भएका दैनिक क्रियाकलाप स्वयं गर्न सक्ने बौद्धिक अपाङ्गता र अटिजम भएका व्यक्तिहरु,

८. श्रवणयन्त्रको प्रयोगबाट वा ठुलो आवाज मात्र सुन्नसक्ने सुस्तश्रवण व्यक्तिहरु,

९. शल्यक्रियाबाट स्वरयन्त्र झिकी घाँटीको नलीबाट मात्र बोल्नुपर्ने अवस्था भएका व्यक्तिहरु,

१०. ओठ तालु फाटेको कारण बोली अस्पष्ट भएका व्यक्तिहरु,

११. बोल्दा अड्किने, शब्द वा अक्षर दोहोर्याउने समस्या भएका तीब्र भकभके व्यक्तिहरु,

१२. तीन फिट भन्दा मुनिका होचापुड्का व्यक्तिहरु,

१३.चस्मा र श्रवणयन्त्र दुवै प्रयोग गर्ने श्रवण दृष्टिविहिन व्यक्तिहरु, लेन्स वा म्याग्रीफायरको प्रयोगबाट मात्र पढ्न सक्ने दृष्टियुक्त व्यक्तिहरु,

१४. अनुवशीय रक्तश्राव (हेमोफेलिया) सम्बन्धी समस्या भई दैनिक हिंडडुलमा कठिनाइ हुने व्यक्तिहरु,

१५. मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु।

**(घ) सामान्य अपाङ्गता :** देहायमा उल्लेखित व्यक्तिहरुलाई सामान्य अपाङ्गता : 'घ' वर्गको परिचय–पत्र उपलब्धगराइनेछ जुन सेतो पृष्ठमुमिमा जारी गरिनेछ।

१. शारिरिक,मानसिक वा इन्द्रिय सम्बन्धी सामान्य विचलन भएका तर दैनिक जीवनका क्रियाकलापहरु स्वयम सम्पादन गर्न सक्ने,

२. हात वा खुट्टा केही छोटो भएका एक हातको हत्केला भन्दा मुनी नचल्ने वा गुमाएका, एक हातको हत्केलामुनिका कम्तीमा बुढी औँला वा चोरी औँला गुमाएका वा दुवै हातको हत्केलामुनिका कम्तीमा बुढीऔँला वा चोरीऔँला भएका व्यक्तिहरु,

३. ठुलो अक्षर पढ्न सक्ने न्युन दृष्टियुक्त व्यक्तिहरु,

४. दुवै गोडाको सबै औँलाका भागहरु नभएका,

५. श्रवणयन्त्र लगाई ठुलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरु,

**४. अगाङ्गता भएका व्यक्तिको अभिलेख राख्नु पर्नेः**

१) सम्बन्धित वडा कार्यालयले आफ्नो क्षेत्रमा भएका कुल अपाङ्गता भएका व्यक्तिहरु तथा अपाङ्गता भएका व्यक्तिहरु मध्ये परिचय पत्र पाएका व्यक्तिहरुको अपाङ्गताको प्रकृति र गम्भीर्यता लगायत अन्य आवश्यक विवरण खुल्ने गरी नियमित रुपमा अध्यावधिक गरी त्यसको चौमासिक विवरण तयार गरी नियमित रुपमा गाउँपालिका र समन्वय समितिमा समेत पठाउनु पर्नेछ।

२) गाउँपालिकाले अपाङगता भएका ब्यक्तिहरुको प्रकृतिअनुसार बर्गिकृत तथ्याङक राख्नेछ र त्यसको नियमित अध्यावधिक गर्नेछ।

(३) गाउँपालिकाले परिचय पत्र वितरण गरे पछि यसको जानकारी परिचय पत्र प्राप्त गर्ने व्यक्तिको स्थायी ठेगाना भएको वडा कार्यालयलाई दिनु पर्नेछ।

## परिच्छेद- ३

## अपाङ्गता भएका व्यक्तिको अधिकार

**५. प्रचलित कानून बमोजिमका अधिकार उपभोग गर्न पाउनेः** (१) अपाङ्गता भएका व्यक्तिलाई यस द्वारा प्रदत्त अधिकारका अतिरिक्त अन्य ब्यक्ति सरह समान आधारमा नेपालको संविधान-२०७२, CRPD-२००६, प्रचलित कानून बमोजिम प्रदत्त अधिकारको उपभोग गर्न पाउने अधिकार हुनेछ।

**६. सेवा, सुविधा प्राप्त गर्ने अधिकारः** (१) अपाङ्गता भएका व्यक्तिलाई यस गाउँपालिका भित्रका शैक्षिक संस्था, आवास, कार्यस्थल, भवन, सडक, यातायात, विद्दुतीय सञ्चार सेवा लगायत सर्वसाधरणलाई खुल्ला भएका वा प्रदान गरिएका अन्य सेवा तथा सुविधाहरुमा सहज पहुँचको साथ अग्रअधिकार हुनेछ।

**७. न्यायिक अधिकारः** (१) अपाङ्गता भएका व्यक्तिको न्यायमा पहुँच सुनिश्चित गर्न निःशुल्क कानूनी सहायताको अधिकार हुनेछ।

**८. सामाजिक सुरक्षा सम्बन्धी अधिकारः**

(१) नेपालको संविधान, प्रचलित कानून र सर्वोच्च अदालतबाट समय समयमा विभिन्न मुद्दामा स्थापित नजीर समेतका आधारमा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई गाउँपालिकाबाट प्रदान गरिने सबै प्रकारका आर्थिक सहयोग वा सामाजिक सुरक्षा भत्ता वा अन्य किसिमका सुविधा प्राप्त गर्ने अधिकार हुनेछ।
(२) प्रचलित कानून, यो र यस अन्तर्गत बनेको नियमावलि तथा कार्यविधिको अधिनमा रही गाउँसभाबाट निर्णय भए बमोजिम अपाङ्गता भएका व्यक्तिलाई आवश्यक भत्ताको व्यवस्था हुने छ।
(३) सामाजिक सुरक्षा भत्ता तोकिए बमोजिम प्रदान गरिने छ।

## परिच्छेद – ४
## शिक्षा, सीप विकास तथा रोजगारी

**९.नि:शुल्क शिक्षा सम्बन्धी व्यवस्था:**

(१) अपाङ्गता भएका व्यक्तिलाई नेपाल सरकार गाउँपालिकाबाट सञ्चालित वा संघीय वा प्रदेश सरकार बाट अनुदान प्राप्त शैक्षिक संस्थाद्वारा नि:शुल्क रुपमा उच्च शिक्षा उपलब्ध गराउने प्रबन्ध गरिनेछ।
(२) यसका अतिरिक्त अपाङ्गता भएका व्यक्तिलाई गाउँपालिकाले विशेष व्यवस्था गरी थप शैक्षिक कार्यक्रमहरू सञ्चालन गरेर गुणस्तरीय शिक्षा उपलब्ध गराउने छ।
(३) अपाङ्गता भएका बालबालिकाहरूलाई यस गाउँपालिका भित्र सञ्चालित कुनै पनि शैक्षिक संस्थामा भर्ना हुँदा कुनै प्रकारको शुल्क लिन पाइने छैन।
(४) गाउँपालिका द्वारा नै अपाङ्गता भएका व्यक्तिलाई तोकिए बमोजिमका व्यावसायिक तथा प्राविधिक शिक्षा नि:शुल्क रुपमा उपलब्ध गराउने छ।
(५) गाउँपालिकाक्षेत्र भित्रका कुनै पनि शिक्षण संस्थाले आफ्नो संस्थाको अतिरिक्त क्रियाकलाप, शैक्षिक सामग्रीको वितरण र पहुँचमा अपाङ्गता भएका बालबालिकालाई भेदभाव गर्न पाइने छैन।
(६) नेपाल सरकार र गाउँपालिकाले यस भौगोलिक क्षेत्र भित्र रहेका अपाङ्गता भएका बालबालिकालाई शिक्षा हासिल गर्न सहज बनाउन उनीहरुको आवश्यकता बमोजिम ब्रेल वा वैकल्पिक लिपि, साङ्केतिक भाषा, नविनतम सूचना प्रविधिको साधन कम्प्युटर, डेजी प्रविधि र आफ्ना साथीहरूबाट सिक्ने जस्ता एक भन्दा बढी माध्यमबाट शिक्षा दिने साथै सबै क्षेत्रमा डिजिटल प्रविधिको प्रयोग समेतको व्यवस्था मिलाउनु पर्नेछ।
(७) गाउँपालिकाले दृष्टिविहिन, बहिरा, सुस्तश्रवण, श्रवणदृष्टिविहिन अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त भाषा तरिका, लिपि, पाठ्यक्रम, पाठ्यपुस्तक डिजिटल प्रविधि लगायतका पहुँचयुक्त सूचना प्रविधिको माध्यमबाट तोकिए बमोजिम शिक्षा प्रदान गर्ने व्यवस्था गर्नेछ।
(८) यस गाउँपालिकाले विपन्नता वा अपाङ्गताको गम्भीरता समेतका कारणले विशेष आवश्यकता भएका अपाङ्गता भएका बालबालिकाहरूलाई सो को आधारमा आवास सुविधा सहितको शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउन सक्नेछ।
(९) यस गाउँपालिका क्षेत्र भित्रका अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त अनुकूलता प्रदान गरी व्यवसायिक तथा प्राविधिक शिक्षा,पौढ शिक्षा, व्यवहारिक शिक्षा र आजीवन सिकाइमा पहुँच प्राप्त गर्न सक्षम बनाइने छ।
(१०) शिक्षण संस्थाले अपाङ्गता भएका बालबालिकाका आवश्यकतालाई दृष्टिगत गरी अपाङ्गता मैत्री शैक्षिक सामग्रीको व्यवस्था गर्नु पर्नेछ।

(११) गाउँपालिकाक्षेत्र भित्र सञ्चालित शिक्षण संस्थाले अपाङ्गता भएका व्यक्तिको पहुँच सुनिश्चित हुने गरी नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय भवन, शौचालय, खानेपानी तथा अन्य भौतिक संरचनाको निर्माण गर्नु पर्नेछ।

(१२) यस गाउँपालिकाक्षेत्र भित्र निजी क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाले २% संख्यामा अपाङ्गता भएका बालबालिकालाई नि:शुल्क अध्ययनको सुविधा उपलब्ध गराउनु पर्नेछ।

**१०.छात्रवृत्ति तथा आर्थिक सहयोग सम्बन्धि व्यवस्था:**

(१) अपाङ्गता भएका विद्यार्थीलाई निःशुल्क नगरिएको शिक्षाको लागि अपाङ्ता प्रबर्दन कोषबाट शैक्षिक छात्रवृत्ति उपलब्ध गराउनेछ।

(२) आर्थिक विपन्नता वा अन्य कुनै कारणले सामान्य अवस्थावाट शिक्षा लिन असमर्थ अपाङ्गता भएका बालबालिका वा विद्यार्थीहरूलाई यस गाउँपालिकाले विशेष आर्थिक सहुलियत र सहयोग प्रदान गर्न सक्नेछ।

**११. व्यवसायिक तालिम तथा स्वरोजगारः**

(१) यस गाउँपालिकाले गाउँपालिकाक्षेत्र भित्रका सबै इच्छुक अपाङ्गता भएका व्यक्तिहरूको सीप अभिवृद्धि गरी व्यवसायिकता विकास तथा स्वरोजगारीको अवस्था सृजना गर्न व्यवसायिक तालिम उपलव्ध गराउनेछ।

(२) यस गाउँपालिकाले आफ्नो गाउँ क्षेत्र भित्रका विभिन्न पेशा वा व्यवसाय गर्न चाहाने अपाङ्गता भएका व्यक्तिलाई निजमा रहेको सीप, क्षमता तथा पेशा, व्यवसायका लागि निजले तयार गरेको प्रस्तावनाका आधारमा सहुलियत दरमा ऋण तथा अनुदान उपलव्ध गराउने व्यवस्था गर्नेछ।

(३) अपाङ्गता भएका ब्यक्ति र पुर्ण अशक्त भएका ब्यक्तिको अभिभावकले संचालन गरेको पेशा ब्यवसाय दर्ता र संचालनको बखत लाग्ने सम्पुर्ण कर छुट गरिनेछ।

(४) गाउँपालिकाक्षेत्र भित्र सञ्चालित कुनै कम्पनी, संघ संस्था वा अन्य कुनै व्यापारिक वा व्यावसायिक निकाय वा प्रतिष्ठानले अपाङ्गता भएका व्यक्ति विरुद्ध रोजगारी तथा अन्य कुनै विषयमा कुनै किसिमको भेदभाव गर्न पाईने छैन।

(५) कसैले पनि अपाङ्गता भएका शिक्षक वा कर्मचारी वा कामदारहरूलाई अपाङ्गताकै कारणले मात्र बढुवाको अवसरबाट बञ्चित गर्न वा बढुवा गर्न ईन्कार गर्न पाउने छैन।

(६) रोजगारी दिने निकाय तथा संस्थाले रोजगारी कै सिलसिलामा अपाङ्गता भएको कामदार तथा कर्मचारीलाई रोजगारीबाट हटाउने वा पदबाट घटुवा गर्न पाईने छैन।

**१२. सूचना, सञ्चार तथा प्रविधिमा पहुचयुक्तता :**

(१) गाउँपालिकाका सबै सूचनाहरू सबैका लागि पहुँच योग्य डिजिटल अवस्थामा राखिनेछ।

(२) अपाङ्गता भएका व्यक्तिहरुको लागि सूचना, सञ्चार तथा प्रविधिलाई अपाङ्गता मैत्री बनाईनेछ।

(३) विशेष गरी दृष्टिविहीन लगायतका व्यक्तिहरूले वाणिज्य लगायतका बैङ्किङ्ग क्षेत्रमा भोग्नु परिरहेको विभेदलाई गाउँपालिकाले डिजिटल प्रविधि मैत्री सेवा, शिक्षा र तालिम प्रदान गरी त्यस प्रकारको विभेदको अन्त्य गर्नेछ।

(४) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले राज्यद्वारा प्रदान गरिएका सूचनाहरू डिजिटल रुपमा प्रयोग गर्न सक्ने वातावरण गाउँपालिकाले निर्माण गर्नेछ।

(५) कसैलाई पनि डिजिटल (एक्सिसिविलिटि) पहुँचयुक्तता बाट बन्चित गरिने छैन।

**१३. अपाङ्गता भएका शिक्षक तथा कर्मचारी सम्बन्धि व्यवस्थाः**

(१)गाउँपालिका भित्र कार्यरत शिक्षक, कर्मचारी तथा कामदार अपाङ्गता भएका व्यक्तिहरूलाई घरपायक पर्ने गरी व्यवस्थापन गर्ने कार्य गाउँपालिकाको हुनेछ।

(२) गाउँपालिका भित्र कार्यरत सबै अपाङ्गता भएका शिक्षक तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि लगायतका कार्यक्रम गाउँपालिकाले सञ्चालन गर्नेछ।

(३) उनीहरूको क्षमता विकासका निम्ति विशेष कार्यक्रम कार्यान्वयन गरेर सबै अपाङ्गता भएका व्यक्तिहरूलाई उत्पादनशिल बनाउने काम गाउँपालिकाको हुनेछ।

(४) गाउँपालिका भित्र रहेका शिक्षक कर्मचारीहरूको पेशागत विकास, सिप र ज्ञानका निम्ति सम्बन्धित सरोकारवालाहरूसँगको सहकार्यमा कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।

**१४. सांकेतिक भाषा तथा ब्रेललिपीको सहजीकरणको व्यवस्थाः**

(१) गाउँपालिकाका हरेक कार्यक्रमहरू अपाङ्गता मैत्री बनाइनेछ। यसका निम्ति गाउँपालिकाका महत्वपूर्ण सूचनाहरु ब्रेललिपीमा उपलब्ध गराइने छ।

(२) हरेक वडामा कम्तिमा एक जना दोभाषेको व्यवस्था गरी बहिरा अपाङ्गता भएका व्यक्तिहरूलाई सहज सेवा प्रदान गर्ने व्यवस्था गाउँपालिकाले मिलाउने छ।

(३) गाउँपालिकाबाट प्राप्त हुने सबै सेवा सुविधाहरूका बारेमा दृष्टिविहीन र बहिरा व्यक्तिहरूको ब्रेललिपि वा सांकेतिक भाषाका अभावमा कुनै कमि हुन दिइने छैन।

(४) हरेक विद्यालयमा कम्तिमा एक/एक जना दोभाषे र ब्रेललिपी जान्ने शिक्षकको व्यवस्था गाउँपालिकाले मिलाउनेछ। गाउँपालिका भित्र सञ्चालित दृष्टिविहीन स्रोतकक्षा भएका विद्यालयमा ब्रेललिपीमा लेख्ने कापी तथा स्लेट स्टाइलसका साथै डिटिजल बुक र साधन व्यवस्था गाउँपालिकाले शैक्षिक सामग्रीको रुपमा उपलब्ध गराउनु पर्नेछ।

**१५. अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्नु पर्नेः**

(१) यस गाउँपालिकाले आफ्नो गाउँपालिका क्षेत्र भित्र कुनै संघ संस्था, कम्पनी, कारखाना, शैक्षिक संस्था वा प्रतिष्ठानमा अपाङ्गता भएका व्यक्तिको शारीरिक क्षमता, तालिम, योग्यता र अनुभवका आधारमा उपयुक्त हुने काम उपलव्ध भएसम्म कुनै खास संख्यामा अपाङ्गता भएका व्यक्तिलाई नियुक्त गर्नु पर्ने गरी तोकिनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएका निकायले अपाङ्गता भएका व्यक्तिलाई नियुक्ति गर्दा अपाङ्गताको गम्भिरताको मात्राजति बढि छ त्यति नै प्राथमिकता साथ मौका दिएर नियुक्त गर्नु पर्नेछ।

## परिच्छेद –५

## पुनर्स्थापना, सशक्तिकरण एव सामाजिक समावेशीकरण

**१६. पुनर्स्थापना सम्बन्धी व्यवस्थाः**

(१) अपाङ्गता भएका व्यक्तिलाई समाजमा सक्रिय जीवन निर्वाह गर्न सक्षम हुने गरी प्रदान गरिने चिकित्सकीय सेवा, जीवनोपयोगी सीपमुलक तथा व्यावसायिक तालिम सहायक सामग्री, औषधि उपचार, नियमित परामर्श सेवा, शैक्षिक तथा आर्थिक सहयोग र बसोबासका लागि सञ्चालन गरिने आवास कार्यक्रम समेतका सम्बन्धमा गाउँपालिकाले पूर्ण अशक्त, अति अशक्त, सहाराविहीन वा बौद्धिक अपाङ्गता भएका र मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्ति वा पुनर्स्थापनाको सेवा आवश्यक पर्ने अपाङ्गता भएको व्यक्तिलाई पुनर्स्थापना गर्ने आवस्यक प्रबन्ध मिलाउने छ।

(२) अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त आवासको व्यवस्था गर्न तथा सशक्तीकरण गरी समाजमा पुनर्स्थापना गर्ने प्रयोजनको लागि गाउँपालिकाले आवश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना तथा सन्चालन गर्नेछ ।
(३) कुनै संस्थाले गाउँपालिकाबाट तोकिए बमोजिम स्वीकृति लिई उपदफा (१) को उद्देश्यका लागि पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न सक्नेछ।
(४) गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका पुनर्स्थापना केन्द्रलाई नेपाल सरकार र गाउँपालिकाले तोकिए बमोजिम आर्थिक तथा अन्य सहयोग प्रदान गर्न सक्नेछ।
(५) पुर्नस्थापना केन्द्रमा हुनु पर्ने भौतिक तथा अन्य पूर्वाधार, व्यवस्थापन र सञ्चालन सम्बन्धी मापदण्ड तथा अनुगमन सम्बन्धी व्यवस्था नेपाल सरकार र गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।
(६) संरक्षक र सहारा नभएका अपाङ्गता भएका व्यक्तिका लागि आवासिय पुर्नस्थापना केन्द्रको व्यवस्था हुनेछ । उक्त केन्द्रमा डिजिटल प्रविधि सहितका अत्याधुनिक सिप सिकाउने व्यवस्था गरिनेछ ।
(७) गाउँपालिका भित्र संचालन भएका अपाङ्गता पुर्नस्थापना केन्द्र हरुलाई ट्रानजिसन सेन्टरको रुपमा संचालन गरिनेछ र उनिहरुलाई क्रमिक रुमपा समुदायमा समावेशिताको सिद्दान्तअनुसार पुर्नस्थापित गरिनेछ ।

**१७. सामाजिक सुरक्षाः**

(१) गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बनपूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा नि:शुल्क रुपमा देहाय बमोजिमका सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउनेछ ।

(क) सुरक्षा तथा स्वास्थ्य सेवासहितको सामुदायिक आवास सुविधा विकास गर्न,
(ख) असहाय बालबालिका र परिवारबाट त्यागिएका अपाङ्गता भएका व्यक्तिको लागि आवासको व्यवस्था गर्न,
(ग) जीवन बिमा, स्वास्थ्य बिमा र दुर्घटना बिमा गराउन,
(घ) औषधि तथा आवश्यक सहायक सामग्री उपलब्ध गराउन,
(ङ) तोकिएको आधारमा बेरोजगारी भत्ता, जीवनयापन भत्ता तथा वृद्ध भत्ता उपलब्ध गराउन,
(च) तोकिएको अवस्थाका अपाङ्गता भएका व्यक्ति र निजका सहयोगीको लागि भत्ता उपलब्ध गराउन,
(छ) अपाङ्गता भएका व्यक्तिको विकासका लागि सर्वमान्य ढाँचा (Universal Design)को विकास तथा प्रयोगमा सहयोग गर्न,
(ज) तोकिएबमोजिमका अन्य सेवा सुविधा उपलब्ध गराउन ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा अपाङ्गताको विविधता, लिङ्ग, उमेर, आर्थिक तथा सामाजिक अवस्था जस्ता विषयलाई आधार बनाइनेछ ।

**१८. स्वास्थ्य सम्बन्धि व्यवस्था**

(१) यस गाउँपालिकाक्षेत्र भित्रका तोकिए बमोजिमको आयभन्दा कम वार्षिक आय भएका वा तोकिएको रोगको उपचारको लागि सरकारी अस्पताल, नीजि अस्पताल तथा अन्य निकायद्वारा सञ्चालित अस्पताल वा स्वास्थ्य केन्द्र आदिमा भर्ना भएका अपाङ्गता भएका व्यक्तिलाई नि:शुल्क स्वास्थ्य सेवा तथा स्पीच थेरापी, अकोपेशनल थेरापी, फिजियाथेरापी, मनोसामाजिक परामर्श लगायतका आवश्यक सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।
(२) यस गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्र भित्रका अपाङ्गता भएका व्यक्तिहरू मध्ये अपाङ्गता भएका कारणले निरन्तर खानुपर्ने औषधि तथा अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने

फ्याक्टर तथा मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने मानसिक रोगका औषधिहरू नि:शुल्क उपलब्ध गराउनेछ।

(३) गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य उपचारको लागि अस्पताल सम्म पहुँचका लागि रहेका अवरोधहरु हटाउन आवश्यक व्यवस्था गर्नेछ।

(४) यस गाउँपालिकाक्षेत्र भित्र सञ्चालित सबै अस्पतालका स्वास्थ्यकर्मीले अस्पतालमा उपलब्ध भएसम्मको गुणस्तरीय स्वास्थ्य उपचार सेवा प्राथमिकताका साथ अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ।

(५) यस गाउँपालिका क्षेत्र भित्र सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित पन्ध्र शैयाभन्दा बढी शैया भएका अस्पतालमा कम्तीमा दुई शैया अपाङ्गता भएका व्यक्तिलाई सुरक्षित राख्नु पर्नेछ।

**१९. सहायक सामग्रीः**

क. गाउँपालिकामा बसोवास गर्ने हरेक प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने सहायक सामग्रीहरु गाउँपालिकाले निशुःल्क रुपमा उपलब्ध गराउनेछ।

ख. यसका निम्ति गाउँपालिकाले हरेक वार्षिक वजेट मार्फत बजेट विनियोजन गर्नेछ।

ग. विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सहायक सामग्री सकेसम्म स्थानीय तहमै उत्पादन गर्ने व्यवस्था गाउँपालिकाले मिलाउने छ।

घ. नेपालमा उपलब्ध हुन वा उत्पादन हुन नसक्ने सामग्रीहरू अन्य मुलुकहरूबाट झिकाउने र गाउँपालिकाले निःसुल्क रुपमा वितरण गर्नेछ।

ङ. अपाङ्गता भएका ब्यक्तिहरुले प्रयोग गर्ने सहायक समाग्री र फिजियो थेरापी, स्पिच थेरापी, दौतरी परामर्श सेवा जस्ता सेवाहरुलाई संघ तथा प्रदेश संगको समन्वयमा गाउँपालिकाको अस्पतालभित्र ब्यवस्थापन गरि वडा स्तरबाट स्वास्थ्य तथा मनोसामाजिक परामर्श र रेफरल सेवा प्रदान गर्ने ब्यवस्था मिलाईनेछ।

**२०. अपाङ्गता समावेशी विकासः**

क. गाउँपालिकाको विकासका हरेक क्रियाकलापमा गाउँपालिका क्षेत्र भित्रका अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता गराइनेछ।

ख. विकासका हरेक क्रियाकलापमा योजना निर्माण देखि कार्यान्वयन र मूल्याङ्कन सम्म अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता गराइने छ।

ग. विकासका हरेक विधामा अपाङ्गता सवाल समावेश गरिनेछ।

घ. अपाङ्गता मैत्री विकास अवधारणाको संयन्त्र निर्माण गरिनेछ।

ङ. विकासको मूल प्रवाहमा अपाङ्गताको विकास कार्यक्रम समावेश गरेर लैजानु पर्नेछ।

च. अपाङ्गता मैत्री बिपद जोखिम न्युनिकरण आवधिक योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ।

**२१. पहुचयुक्तताः**

क. गाउँपालिकाका हरेक संयन्त्रहरू सबैका लागि पहुँचयोग्य बनाईनेछ।

ख. भौतिक संरचना निर्माण गर्दा पहुँचयुक्तता सुनिश्चितताका लागि सर्वमान्य ढाँचा (Universal Design), नेपाल सरकारका भवन निर्माण आचारसंहिता विपरित हुने गरी कुनै पनि भौतिक संरचनाको स्विकृती प्रदान गरिने छैन।

ग. शिक्षा, स्वास्थ्य, सार्वजनिक स्थान आदि क्षेत्रहरू सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि सहज पहुँचयुक्त हुने गरि बनाईने छ।

घ. अपाङ्गता भएका विद्यार्थीहरूलाई सहज पहुँचयोग्य पठन सामग्री उपलब्ध गरिनेछ। गाउँपालिकाले जारी गर्ने हरेक सूचना तथा कार्यक्रमहरू सबैको सहभागिता मुलक अपाङ्गता मैत्री हुनुपर्नेछ।

**२२. जिविकोपार्जनः**

क. गाउँपालिकाले सम्पूर्ण गाउँवासी अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षा, तालिम, सिपमूलक कार्यक्रम आदि मार्फत सिप बिकास गर्नेछ।

ख. गाउँपालिकाले तालिम वा सिप प्रदान गरेका अपाङ्गता भएका व्यक्तिहरूलाई जिविकोपार्जनका निम्ति स्वरोजगार, घरेलु तथा साना उद्योग सञ्चालन गर्न लगानीको वातावरण गरिदिनेछ।

ग. अपाङ्ता भएका व्यक्तिहरूले व्यक्तिगत वा सामुहिक रुपमा उत्पादन गरेका विभिन्न उत्पादनको बजार व्यवस्था हुन नसकेमा सोको व्यवस्थापन गाउँपालिकाले नै गरिदनेछ।

घ. कुनै पनि अपाङ्गता भएको व्यक्ति सडकमा मागेर बस्न पाउने छैन। कुनै न कुनै उत्पादन कार्यमा लगाइने छ वा पुनर्स्थापना केन्द्रमा व्यवस्थापन गरिनेछ।

**२३. सहुलियत र सुविधा:**

(१) यस गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिलाई कृषि र स्वरोजगारमूलक व्यवसाय वा उद्यमशीलताका लागि अनुदान वा सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था गर्नेछ।

(२) गाउँपालिकाक्षेत्र भित्र सञ्चालित सवारी साधनको धनी वा सञ्चालकले अपाङ्गता भएका व्यक्तिहरुलाई बसमा ४ सिट सानो सवारी साधनमा २ सिट हुनुपर्नेछ। अपाङ्गता भएका ब्यक्तिहरु सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा अनिवार्य रुपमा यात्रु भाडामा ५०% ( पचास प्रतिशत) छुट उपलब्ध गराउनु पर्नेछ।

**२४. अपाङ्गता भएका व्यक्तिका सन्तान सम्बन्धी व्यवस्था**

(१) यस गाउँपालिकाक्षेत्र भित्रका अपाङ्गता भएका व्यक्तिका दुई जना सन्तानलाई निःशूल्क शिक्षाको व्यवस्था गर्नेछ ।

(२) यस गाउँपालिका भित्र सञ्चालित अपाङ्गता भएका व्यक्तिलाई मात्र तालिम वा रोजगारी दिने वा रोजगारीको व्यवस्था गरिदिने सामाजिक संस्था, व्यापारिक वा औद्योगिक प्रतिष्ठानलाई बैंक तथा वित्तीय संस्थाबाट सहुलियत ब्याज दरमा ऋण प्रवाह गर्ने व्यवस्था गर्नेछ।

## परिच्छेद-६
## समिति तथा कोष

**२५. अपाङ्गता अधिकार प्रबर्द्धन समितिः**

(१) गाउँपालिका भरिका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको सर्वाङ्गीण विकास गर्ने उद्देश्यले गाउँपालिकाले यो र अन्य प्रचलित कानूनले प्रदान गरेका सेवा, सुविधा तथा अधिकारको प्रयोग गर्नका लागि गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा एक अपाङ्गता अधिकार प्रबर्द्धन समिति गठन गर्नेछ।

(२) अपाङ्गता अधिकार प्रबर्द्धन समितिमा देहाय बमोजिमका ब्यक्तिहरू रहने छन्।

क. गाउँपालिका अध्यक्ष - अध्यक्ष

ख. गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र अपाङ्गता अधिकार, पुनर्स्थापना तथा अपाङ्गताको विविध क्षेत्रमा ख्याति कमाएको र अपाङ्गता व्यवस्थापन कार्यमा लामो समय देखि योगदान पुर्याएको अपाङ्गता भएको व्यक्ति मध्ये गाउँपालिकाले मनोनित गरेको एक जना व्यक्ति - उपाध्यक्ष

ग. राष्ट्रिय अपाङ्ग महासंघ नेपाल जिल्ला कार्यसमितिले सिफारिस गरेको प्रतिनिधि एक जना - सदस्य

घ. अपाङ्गता अधिकार र पुनर्स्थापनाका क्षेत्रमा कम्तिमा ५ वर्ष कार्य अनुभव संगालेका व्यक्तिहरू मध्येबाट १ जना महिला पर्ने गरी अपाङ्गताको विविधता समेतलाई समेटेर गाउँपालिकाद्वारा मनोनित २ जना - सदस्य

ङ. महिला, दलित, आदिवासी जनजाती लगाएत कम्तिमा १ जना महिला सहित २ जना- सदस्य

च. स्वास्थ्य शाखा प्रमुख - सदस्य

छ. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य

ज. अपाङ्गता अधिकार प्रवर्दन ईकाई शाखा हेर्ने कर्मचारी - सदस्य

झ. गाउँपालिका योजना शाखा प्रमुख - सदस्य

ञ. अध्यक्षले तोकेको कार्यपालिकाको सदस्यहरुबाट महिला १ जना - सद्स्य

ट. अध्यक्षले तोकेको कर्मचारी वा गाउँपालिकाको प्रमुख प्रसाशकिय अधिकृत - सदस्यसचिव

**२६. अपाङ्गता अधिकार प्रबर्द्धन समिति को काम कर्तव्य र अधिकारः** (१)अपाङ्गता अधिकार प्रबर्द्धन समिति को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुने छः

क. दीगो विकास कार्यक्रम र अपाङ्गता समावेशीकरण

ख. दिगो विकास लक्ष्यले समेटेका अपाङ्गता समावेशी कार्यक्रमहरू बाहेकका कार्यक्रमहरू पनि अपाङ्गता मैत्री बनाइने छ।

ग. सिङ्गो अपाङ्गता वर्गको हितमा हुने गरी दिगो विकासलाई स्थानियीकरण गरिने छ।

घ. विकासका हरेक क्षेत्रमा अपाङ्गता समावेश गरेर लैजाने छ।

ङ. समितिले गाउँपालिका भरिका सबै अपाङ्गता भएका व्यक्तिहरूले पाउने अधिकार, उनिहरूले निर्वाह गर्नुपर्ने कर्तव्य र गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधा आदिको एकद्वार प्रणालीबाट व्यवस्थापन गर्ने छ।

च. समितिले शिक्षा, स्वास्थ्य, तालिम, छात्रवृत्ती पहिचान आदिमा विशेष चासोका साथ समन्वय गरेर काम गर्नेछ।

छ. सेवा सुविधा तथा लगानीमा दोहोरो नपारेर सबैलाई व्यवस्थापन गर्ने जिम्मा यस समितिको हुनेछ।

**२७. अपाङ्गता व्यवस्थापन इकाइः**

(१)अपाङ्गता भएको व्यक्तिको हक, हितको संरक्षण, प्रवर्दन, गाउँपालिका मार्फत संचालित निति तथा कार्यक्रमलाई अपाङ्गता समावेशी गराउन, गाउँपालिका बाट प्रवाहा गर्ने सबै सेवाहरुलाई सरल बनाउनका लागी एक कर्मचारिको ब्यवस्था गरि अपाङ्गताको विविधता सम्बन्धि तालिम प्रदान गरि गाउँपालिकामा अपाङ्गता ब्यवस्थापन ईकाई गठन गरिनेछ।

(२) उपदफा १ बमोजिम गठित अपाङ्गता ब्यवस्थापन ईकाईले अपाङ्गता सम्बन्धि सम्पूर्ण कामको समन्वय गर्नेछ।

**२८. समन्वय समिति सम्बन्धी व्यवस्थाः** (१) अपाङ्गता भएका व्यक्तिको हक हित संरक्षण सम्बन्धी विषयमा समन्वय गर्ने काम समेतको लागि यस गाउँपालिकामा अपाङ्गता अधिकार २०७४ को दफा ४२ बमोजिमको समन्वय समितिले दफा २६ बमोजिमको समितिको मातहतमा रहि कार्य गर्नेछ।

**२९. अपाङ्गता अधिकार प्रबर्द्धन कोष**

(१) अपाङ्गता भएका व्यक्तिहरुको हक हित र अधिकारको प्रवर्द्धन साथै अन्य सेवा तथा सुविधा प्रदान गर्नका लागि गाउँपालिकाले एक अपाङ्गता अधिकार प्रबर्द्धन कोषको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट सहयोग स्वरूप प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) अन्य विभिन्न स्रोतबाट प्राप्त हुने रकम।

(च ) गाउँपालिकाको आन्तरिक श्रोतबाट संकलन भएको रकम मध्यबाट कार्यपालिकाको निर्णयबाट बिनियोजित रकम

(छ ) अपाङ्गता अधिकार प्रवर्दन कोषमा संघीय र प्रदेश सरकारबाट यस पालिकालाई प्राप्त कार्यक्रम र बजेट समेत कोषमा राखिनेछ र कोषको परिचालन अपाङ्गता समावेशि विकास अवधारणामा गरिनेछ।

(३) अपाङ्गता अधिकार प्रवर्दनकोषका लागी गाउँ सभाले निश्चित रकम राजस्व निर्धारण गरि कोषमा संकलन गर्नेछ।

(४) अपाङ्गता अधिकार प्रबर्द्धन कोषको बैंक खाता सञ्चालन प्रमुख प्रसाशकिय अधिकृत र लेखा अधिकृतको हस्ताक्षरमा बैंक खाता संचालन गरिनेछ।

(५) अपाङ्गता अधिकार प्रवर्दन कोषको परिचालनका लागी कार्यपालिकाले जारी गरेको निर्देशिका बमोजिम हुनेछ।

## परिच्छेद-७
## विविध

**३०. दायित्व:**

(१) गाउँपालिकाक्षेत्र भित्रका सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने दायित्व अपाङ्गता व्यवस्थापन आदि समेतको दायित्त्व CRPD-२००६, दिगो विकास लक्ष्य, नेपालको संविधान-२०७२ को अनुसूचि ८ र ९ मा गरिएको व्यवस्था तथा अन्य प्रचलित कानून बमोजिम गाउँपालिकाको हुनेछ र राज्यका तर्फबाट अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने सहयोग सहज रुपमा उपलब्ध गराउने दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ।

(२) आफ्नो क्षेत्रमा रहेका अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तवरबाट उपलब्ध हुनसक्ने सम्मका सेवा, सुविधा तथा अवसर उपलब्ध गराउने दायित्व गाउँपालिकाको हुनेछ।

(३) अपाङ्गता भएका व्यक्तिले विना भेदभाव अन्य व्यक्ति सरह समान रुपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने वातावरणको सुनिश्चितताका लागि गाउँपालिकाले सम्पूर्ण प्रयासहरू र अन्य आवश्यक उपायहरूको अबलम्बन गर्नेछ।

(४) परिवारका सदस्यहरूले आफ्ना अभिभावक अपाङ्गता भएका व्यक्तिहरूको उचित पालन पोषण गर्नु पर्नेछ।

(५) यदि कसैले उपदफा (१) बमोजिम आफ्ना परिवारका अग्रज अपाङ्गता भएका व्यकतिहरूको इज्जत आमद अनुसार पालन पोषण गरेन भने गाउँपालिकाले निजलाई तोकिएको प्रकृया पूरा गरी दण्ड जरिमाना समेत गर्न सक्नेछ।

(६) अपाङ्गता भएका कुनै व्यक्तिलाई उपचार नगराएमा थप जोखिममा पर्ने भएमा परिवारका सदस्य वा संरक्षकले निजलाई तत्काल उपचारको लागि गाउँपालिका भित्रको अस्पतालमा तुरुन्त पुराउनु पर्नेछ।

(७) कुनै पनि बहानामा अपाङ्गता भएका व्यक्तिलाई घर परिवारबाट निकाला गर्न वा अवहेलना गर्न पाइने छैन।

(८) गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिका परिवारलाई अपाङ्गता भएका व्यक्ति प्रतिको दायित्व निर्वाह गर्न सहयोग पुग्ने गरी स्वयं हेरचाह र स्याहार सुसार सम्बन्धी तालिम तथा अन्य आवश्यक सेवा सहायता उपलव्ध गराउन सक्नेछ।

**३१. अपाङ्गता भएका व्यक्तिको सामाजिक दायित्व:**

(१) प्रतिष्ठान तथा शैक्षिक संस्थाले अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, रोजगारीका अवसरहरूको सम्बर्द्धन र प्रबर्द्धनका लागि आफ्नो आयबाट तोकिए बमोजिमको रकम सामाजिक उत्तरदायित्व अन्तर्गत छुट्याउनु पर्नेछ।

(२) गाउँपालिकाक्षेत्र भित्र कार्यरत विकासका साझेदार (डेभलपमेण्ट पार्टनर) ले गाउँपालिकाको विकास कार्यक्रममा खर्च गर्ने कुल रकम मध्येबाट कार्यपालिकाले निर्धारण गरिदिए बमोजिमको रकम अपाङ्गता भएका व्यक्तिहरुको सशक्तिकरण तथा यस  बमोजिमको पुर्नस्थापना सम्बन्धी कार्यका लागि खर्च गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको रकम तोकिए बमोजिम उपयोग गरिनेछ।

(४) गाँउपालिका क्षेत्र भित्र सञ्चालित सवारी साधनहरूमा सवारी साधनका धनी वा सञ्चालकल सार्वजनिक यातायातका साधनमा अपाङ्गता भएका व्यक्तिका लागि तोकिए बमोजिमको संख्यामा सिट सुरक्षित राख्नु पर्नेछ।

**३२. वर्गीकरणका आधारमा सेवा, सुविधामा प्राथमिकता दिन सकिने:** (१) अपाङ्गता भएका व्यक्तिलाई यस गाउँपालिकाको  तर्फबाट कुनै सेवा, सुविधा तथा सहुलियत उपलब्ध गराउँदा अपाङ्गताको मात्रा, गाम्भीर्यता तथा निजको आर्थिक अवस्थाका आधारमा प्राथमिकता दिईने छ।

**३३. सचेतना जनचेतना:**

(१)अपाङ्गताको रोकथाम र अपाङ्गताका सम्बन्धमा आम जनसमुदायमा सचेतना अभिवृद्धिका लागि गाउँपालिकाले नियमित कार्यक्रमहरू सञ्चालन गर्नेछ।

(२) अपाङ्गता विरुद्ध हुने सबै प्रकारका विभेदको अन्त्यका लागि गाउँपालिकाले रेडियो, टेलिभिजन, पत्रपत्रिका आदिमा नियमित जनचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(३) यस्ता कार्यक्रमहरू गर्दा सकेसम्म सबै सरोकारवालाहरूलाई समावेश गरेर सञ्चालन गरिने छ। चेतनाका अभावमा गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरू विरुद्ध कुनै प्रकारको विभेद जन्य व्यवहार हुनदिइने छैन।

**३४. घुम्ती सेवा सञ्चालन गर्न सक्ने:** अपाङ्गता भएका व्यक्तिलाई यो  तथा यस  अर्न्तगत बनेको नियम बमोजिमको सेवा सुविधा तथा परिचयपत्र सहज रुपमा उपलब्ध गराउनका लागि गाउँपालिकाले तोकिए बमोजिम घुम्ती सेवा सञ्चालन गर्नेछ।

**३५. नियमबनाउने अधिकार**: यस को कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियम विनियम, कार्यविधि आदि बनाउन र लागू गर्न सक्नेछ।

आज्ञाले
दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत